# ठाटीकाँध गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाहद्धारा
# ठाटीकाँध गाउँपालिकाको १३ औं गाउँ सभामा प्रस्तुत हुने

# ठाटीकाँध गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को
# निति तथा कार्यक्रम

ठाटीकाँध गाउँपालिका,लकान्द्र दैलेख
कर्णाली प्रदेश, नेपाल
१० असार, २०८०

**उपाध्यक्ष ज्यू , तथा यस गरिमामय गाउँसभाका सदस्यहरु,**

ठाटिकाँध गाउँपालिकाको बृहत्तर हित र उन्नतीका साथै आर्थिक समृद्धि र सामाजिक सुव्यवस्थाको खातिर आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित महशुस गरेको छु । यसै सन्दर्भमा राष्ट्रियता लोकतन्त्र समाजवाद र संघीय लोकतान्त्रिक गणतन्त्रका निम्ति इतिहासको विभिन्न कालखण्डमा सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रर्दासुमन अर्पण गर्दछु । साथै विभिन्न आन्दोलन र जनआन्दोलनको क्रममा घाइते तथा बेपत्ता हुनुभएका योद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान बमोजिम तीन तहका सरकारहरु मध्ये स्थानीय सरकार नै सर्वसाधारण नागरिकहरुको सहज पहुँच रहेको वास्तविक सरकार हो । निर्वाचन मार्फत व्यक्त भएको जन भावनाबाट हामी सबै यस गरिमामय सभामा आइपुक्दा हाम्रो सामु अनेकौ अवसर तथा चुनौतीहरु रहेका छन । जनभावनाको उच्चतम कदर गर्दै यस ठाटिकाँध गाउँपालिकामा हामीले शान्ति, समृद्धि, सुशासन, पारदर्शिता, सदाचार र अमनचयन कायम गर्दै समग्र गाउँबासीहरुको ओठमा मुस्कान छर्नु पर्नेछ । हामी हाम्रो पाँच वर्षे कार्यकालको सुनौलो बिहानीमा प्रवेश गरे संगै १ बर्ष समयाबधि बिताईसकेका छौं । यस सुवर्ण अवसरको भरपुर सदुपयोग गर्दै आगामि बर्षमा सिमित स्रोत साधन र निश्चित समयावधि भित्रै समग्र गाउँबासी जनसमुदायका इच्छा आकांक्षा र चाहानालाई हामिले जिम्मेवारी साथ काम गरेर सन्तुष्ट पार्नु पर्नेछ । विश्व मानव समुदाय आज उत्तर आधुनिक चरम भौतिक विकासको उपभोग गर्ने क्रममा छ । हाम्रो सामु यस्तो उत्तरआधुनिक विकासले अझै प्रवेश पाएको छैन । हामी आज पनि जनताका न्यूनतम् आधारभूत आवश्यकता र सामान्य विकासका पूर्वाधार निर्माणकै चरणमा छौं । विश्व भर महामारीको रुपमा फैलिएको कोभिड १९ को प्रभाव पछिल्लो समय अन्तर्राष्ट्रिय क्षेत्रमा निश्तेज हुदै गएको छ भने हामी कहाँ प्रभाव शून्य देखिएको छ । यस प्रकारको जर्जर अवस्थामा समेत हामीले अझै पनि जनताले सुखले सुबिधा पाउने गरी नत डाक्टर छन नत अस्पताल छन एउटा साधारण एक्सरे र भिडियो एक्सरे सेवा लिन समेत जिल्ला तथा छिमेकी जिल्ला सम्म धाउनु पर्ने बाध्यता रहेको थियो हाल १५ सैयाको अस्पताल निर्माणाधिन रहेको र ५० प्रतिशत काम सम्पन्न भएको छ । यसका अतिरिक्त दाल, चामल, तेल, तथा तरकारी जस्ता अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुका साथै शुद्ध पिउने पानी समेतमा हामी आत्मनिर्भर हुन सकेका छैनौं । यि र यस्तै विषय वस्तुहरु नै तपाई हाम्रा चुनौति र हामीले सम्बोधन गर्न पर्ने जनताका आवश्यकता हुन । जनताको सेवा गर्दा अर्थात समस्याको समाधान गर्दा अपनाउनु पर्ने झन्झटिलो प्रक्रिया आर्थिक भौतिक तथा मानव स्रोत साधानको अभाव तथा परिचालन थप चुनौतिका रुपमा देखा पर्दछ । यिनै चुनौतिको बावजुद तपाईं हामीले दुर्गम गाउँ बस्तिको निम्ति आगामी बाकी रहेका चार वर्ष भित्रमा स्रोत साधान र सुविधाले भरिपुर्ण सुन्दर गाउँको रुपमा रुपान्तरण गर्नुपर्ने छ । यसका निमित्त हामीले प्रण गरेर आएका छौं ।

ढिलो नगरीकन समृद्ध ठाटिकाँध गाउँपालिकाको सपनालाई पुरा गर्न तपाईं हामी सबै जना व्यक्तिगत तथा दलगत स्वार्थबाट माथि उठेर जनसेवामा समर्पित भइ लाग्नेछौं भन्ने पूर्ण भरोसाका साथ आगामी आ.ब.२०८०/०८१ को निति तथा कार्यक्रम यस गरीमामय सभामा पेश गर्दछु ।

यस ठाटिकाध गाउँपालिकाले आ.व. ०८०/०८१ मा अवलम्वन गर्ने मूल नीतिहरु :

**उपाध्यक्ष ज्यू तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

१. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्येक्ष योगदान पुऱ्याउने तथा उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्ने योजना तथा कार्यक्रम सञ्चालन गरिने छ ।

२. नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएका स्थानीय तहको एकल अधिकारलाई कार्यान्वयन गर्न आवश्यक कानुनी व्यवस्था मिलाइने छ ।

३. उत्पादन र उत्पादकत्व वृद्धि पूर्वाधार निर्माण, खानेपानी तथा विद्युतमा पँहुच, मानव पुँजी निर्माण र रोजगारी सिर्जना, दिगो विकास र पर्यावरणीय सन्तुलन र सुशासनलाई प्राथमिकतामा राखिने छ ।

४. दिगो विकासका लक्ष्यलाई टेवा पुऱ्याउने खालका योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखि आगामी वर्षको बजेट विनियोजन गरिने छ ।

५. स्थानीय स्रोत साधन र सीपको अधिकतम उपयोग गर्ने नीति लिइने छ ।

६. संविधानले स्थानीय तहमा हस्तान्तरण गरेको अधिकारको सूची भित्र रहि वार्षिक, मध्यकालिन, आवधिक र दीर्घकालिन योजना बनाइ कार्यक्रम कार्यान्वयन गर्ने नीति लिइने छ ।

७. समाबेशी र सहभागितामुलक योजना तर्जुमा पद्धतिको अवलम्वन गर्दै प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमहरु छनौट र कार्यान्वयनमा जनताको अधिकतम सहभागिताको नीति लिइने छ ,साथै सुशासन, पारदर्शिता जवाफदेहिता र उत्तरदायी शासन प्रणाली र भ्रष्टाचार मुक्त समाज निर्माण गर्ने नीति लिईने छ ।

८. नागरिकलाई उधमशिल र सीपमुलक बनाइ रोजगारीको अधिकतम अवसर सिर्जना गरि गरिबी न्यूनीकरण गर्ने नीति लिईने छ ।

९. सरकारी निजि क्षेत्र, गैरसरकारी तथा सहकारी क्षेत्रको क्षमता र विषय विज्ञतालाई अधिकतम उपयोग गरि सहकार्य र साँझेदारीमा काम गर्ने नीति लिईने छ ।

१०. गाउँपालिकावाट सञ्चालन गरिने कार्यक्रम जनताका लागि जनताकै घर दैलोमा देख्न, सुन्न, हेर्न र अनुभव गर्न सक्ने गरि संचालनमा ल्याइने छ ।

११. गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग तथा व्यवसायलाई अनिवार्य दर्ता गरिनेछ ।

१२. व्यवसाय दर्ता, नविकरण तथा कर संकलनको लागि घरदैलो कार्यक्रम सञ्चालन गरिने छ ।

१३. गाउँपालिका क्षेत्र भित्रको महत्वपूर्ण पर्यटकीय स्थानहरुको पहिचान गरि तिनिहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरिने छ ।

१४. युवाहरुमा सकरात्मक सोचको विकास गरि स्थानीय स्तरमा सम्भावना र अवसर प्रति आकर्षित गरिने छ ।

१५. गाउँपालिकामा भएका बजार क्षेत्रमा फोहोरलाई वर्गिकरण र खण्डीकरण गर्न अनिवार्य गरिने छ । वर्गिकरण गरिएको फोहोरलाई छुट्टा छुट्टै संकलन गर्ने व्यवस्था मिलाइने छ ।

१६. सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी गराउन गाउँपालिका तथा वडा कार्यालयमा आवश्यक सफ्टवयर जडान गरिने छ ।

१७. नागरिक सन्तुष्टिको सर्वेक्षण गरि प्राप्त सुझावका आधारमा सेवा प्रवाहमा सुधार गर्दै लगिने छ ।

१८. कृषिलाई आयमुलक, आधुनिक र मर्यादित पेसा तथा उत्पादनशिल व्यवसायको रुपमा विकास गरिने छ । महिला तथा अर्ध बेरोजगार र वैदेशिक रोजगारवाट फर्केका युवालाई कृषि व्यवसायमा आकर्षित गरिने छ ।

१९. वास्तविक कृषकलाई सहज ढंगले उत्पादनमा अनुदान उपलब्ध गराउने नीति लिइने छ ।

२०. सार्वजनिक वन क्षेत्र, सडक र राजमार्गको किनारमा निगाला, बाँस, सियाली, अजम्वरी, केतुकी तथा स्थानीय स्तरमा पाइने फलफूलका विरुवाहरु रोप्ने र संरक्षण गर्ने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

२१. निजि बाँझो जग्गा खेतको काल्ला र आली समेतमा दलहन, तरकारी र अन्य स्थानीय विरुवा लगाउन कृषकलाई प्रोत्साहन गरिने छ ।

२२. कृषि योग्य भूमिको माटो परीक्षण शिविर सञ्चालन गरि माटो उपचारको साथै माटोको प्रकार अनुसार बाली लगाउन कृषकलाई प्राविधिक सेवा उपलब्ध गराइने छ यसका लागी माटो परिक्षण गर्न आबाश्यक पर्ने औजार खरीद गरी पालिका स्तरमा माटो परिक्षण गर्ने ब्यबस्था मिलाईनेछ ।
२३. कृषि उत्पादकत्वको वृद्धि गर्न व्यवसायिक तरिकाले अगाडि बढ्ने कृषकलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिने छ ।
२४. कृषि उपजको संकलन तथा वजार व्यवस्थापनमा निजि क्षेत्रलाई प्रोत्साहन गरिने छ ।
२५. गाउँपालिका भित्रका सहकारीको क्षमता विकास गरि स्थानीय उत्पादनमा वृद्धि तथा रोजगारी सिर्जना गर्ने नीति लिइने छ ।
२६.आयस्तर न्युन भएका ,गरिबि, जेहेन्दार, तथा प्राबिधिक क्षेत्र अध्ययन गर्ने बिधार्थिहरुलाई कार्यबिधि अनुसार छात्रबित्रृको ब्यबस्था गरीनेछ ।
२७.गाउँपालिकाको उच्च जोखिममा रहेका बस्तिहरुको पहिचान गरी घर बिमा र दुर्घटना बिमाको लागी ब्यबस्था गर्ने निति लिईनेछ ।
२८. राजश्वको दायरा बढाइ गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गरिने छ र यसको लागि प्रगतिशिल कर प्रणाली अबलम्वन गरिने छ ।
२९. ठाटिकाँध गाउँपालिकाको कार्यलयलाई यसै बर्षबाट एउटै भवनबाट संचालन गरीनेछ ।

**उपाध्यक्ष ज्यू , तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

**२.** आ.व. ०७९/०८० को गाउँसभा बाट पारित नीति नियम तथा कार्यक्रम कार्यान्वयनको पक्ष सवल रहेको छ केही सम्पन्न र निर्माणाधिन रहेका योजनाहरुको बिबरण जानकारी गराउदछु ।

- **यस आ.व मा महत्वपूर्ण विकास निर्माणका कार्यहरु**
  - संघिय सरकारबाट सुविधा सम्पन्न भवन निर्माणका लागि १५ सैया अस्पतालको निर्माणको कार्य द्रुत गतिमा अगाडी बढीरहेको छ ।
  - सुविधा सम्पन्न डाक्टर क्वाटर भवनको दोश्रो तला थप भई काम सम्पन्न भएको छ ।
  - सामाजिक सुरक्षा भत्ता वडा नं ३ मा घुम्ति सेवा मार्फत वितरण गर्ने काम भएको छ ।
  - ठाटिकाँध गाउँपालिकामा रहेको खुल्ला मंच घेरबार गर्ने काम भइको छ ।
  - ठाटिकाधं गाउँपालिका वडा नं १ बिस्कुनामा फनपार्क निर्माण तथा घेरबारको काम भएको छ ।
  - ठाटिकाँध गाउँपालिकाको केन्द्र ठाटिकाँध बजारमा बिधुत बिस्तार भई संचालन भएको छ साथै वडा नं १,५,६ मा बिधुतका सहायक लाईनको काम संचालनमा रहेको छ भने वडा नं २,३,४ मा बिधुतको मुख्य लाईको लागी पोल ठोक्ने तथा तार तान्ने काम संचालनमा रहेको छ ।
  - आधारभुत स्वास्थ्य सेवा केन्द्र प्याडुली, विशाला स्वास्थ्य चौकी, गैरागाउँ आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण,तोलीजैसी स्वास्थ्य चौकी वडा नं ५ भवन निर्माण कार्य र माभ्कखर्कमा सामुदायिक स्वास्थ्य इकाई संचालनका लागि भवन निर्माण कार्य सम्पन्न भई सेवा प्रवाह भईरहेको छ ।
  - मालिका मा.वि पाँचाला , ने.रा. आ.वि धामिगाउँ, भवानि मा बि बाहाकोटमा ४ कोठे भवन निर्माण कार्य सम्पन्न भएको छ ।
  - राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अर्न्तगत २ वटा भवन निर्माणा कार्य सम्पन्न भएका छन ।

- प्रदेश सरकारबाट सर्शत अनुदान तर्फ ४ वटा भवनहरु सुर्योदय आधारभुत बिधालय नदाई, गंगालाल आधारभुत बिधालय कोसेडि,आदर्श आधारभुत बिधालय हुईता ,भगवति आधारभुत बिधालय बुढागाउ ,पुर्बाधार बिकास कार्यलय दैलेखबाट सुर्योदय आधारभुत बिधालय नदाई भवन निर्माण तथा गाउँपालिका अनुदानबाट जन आधारभुत बिधालय डाँग्राको बिधालयहरुको भवन निर्माण सम्पन्न भएका छन ।
- कृष्ण मा.वि, लकान्द्र र दशरथ मा.वि, प्याडुलीमा ८ कोठे भवन निर्माणाधिन अवस्थामा रहेका छन ।
- ठाटीकाँध बिजारे धनकोट काँध सडक निर्माण कार्य निर्माणाधिन अवस्थामा रहेको छ ठाटिकाँध बजार क्षेत्रको सडक ८ मिटर चौडाई र नाला तथा ग्राबेलको काम संचालनमा रहेको छ ।
- सिचाई सुविधाको पहुँच नभएका कृषकहरुलाइ मध्यनजर गर्दै बिभिन्न ठाउँमा पक्की नहर सम्पन्न भएका छन र ठाटीकाँध गाउँपालिकाको विभिन्न स्थानमा पोखरी निर्माणको कार्य सम्पन्न भएको छ ।
- बृहत बिशाला खानेपानी निर्माण योजना र बृहत प्याडुलि खानेपानिको काम संचालनमा रहेको छ ।
- माझखर्क खानेपानि निर्माण कार्य सम्पन्न भएको छ ।
- ठाटीकाँध बिजारे धनकोट सडक तथा ठाटीकाँध बाघबन माझा ज्यामिचौर सडक निर्माण कार्य निर्माणाधिन रहेको छ ,
- मानाकोट नुवाबन पुलबजार नयाँ सडक निर्माण कार्य सम्पन्न भईसकेको छ ।
- बगुरा देखि वडा नं १ को वडा कार्यलय सम्मको नयाँ सडक निर्माण कार्य सम्पन्न भएको छ ।
- वडा नं १ को कार्यलय देखि नदाई हुदै मटेला जोड्ने नयाँ सडक निर्माण कार्य सम्पन्न भएको छ ,
- लामामेला गुवालसिम सडक निर्माण कार्य सम्पन्न भएको छ,
- पुलबजार मटेला सडक खण्डमा नाला तथा ग्राबेल भई सडक स्तरउन्नति भएको छ । ठाटिकाँध गाउँपालिका वडा नं १ श्री खोलामा ६ मिटर लम्बाई तथा ८ मिटर चौडाई भएको पक्कि कल्भट बनेको छ ,
- मटेला बागवन माझा गैरागाउँ सडक स्तरउन्नति भएको छ ।
- मुख्यमन्त्रि रोजगार मार्फत ढिप्का गोठिखोला सडक निर्माण कार्य सम्पन्न भएको छ ,
- ठाटिकाँध गाउँपालिका का बिभिन्न वडाहरुमा मठ मन्दिर हरु निर्माण भएका छन ।
- अब म आ.व.२०८०/२०८१ निति तथा कार्यक्रम पेश गर्दछु ।

**सभाका उपाध्यक्ष तथा सभाका सदस्यज्यूहरु,**

**"व्यावसायिक शिक्षा, स्वास्थ्य कृषि,उद्यम र पूर्वाधार ठाटीकाँध गाउँपालिकाको समृद्धिका आधार"** भन्ने नाराका साथ अब म यस ठाटीकाँध गाँउपालिकाको आगामी आ.व.२०८०/२०८१ का नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्दछु ।

**(क) आर्थिक विकासः**

**१.कृषि तथा पशुपन्छी विकास तर्फ**

यस गाउँपालिकाको समृद्धिको पहिलो आधार भएकाले यस क्षेत्रमा कृषि तथा पशुपन्छीको महत्व उल्लेखनीय छ । तसर्थ कृषि उत्पादनमा बृद्धि गरी राष्ट्रिय लक्ष्य प्राप्त गर्न निम्न अनुसारका नीतिहरु अवलम्वन गरिएको छ ।

१. अर्गानिक कृषि उत्पादन नीति अवलम्वन गरी कृषि पेशालाई सम्मानित, मार्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गर्न नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार निकाय संगको साझेदारीमा कृषि क्षेत्रको विकासको नीति अवलम्वन गरिनेछ ।

२. विभिन्न उपभोग्य बस्तुहरुमा आत्मनिर्भर बन्न कृषि उत्पादन पकेट क्षेत्रहरुको निर्धारण गरी कृषि क्षेत्रको विकासका लागि पहल गरिनेछ ।

३. कृषि तथा पशु विमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।

४. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनालाई निरन्तरता दिईनेछ ।

५. उच्च मूल्यका कृषि बस्तु उत्पादन र बजार व्यवस्थापनमा विषेश जोड दिइनेछ ।

६. एक गाउँ एक नमुना कृषि उत्पादन ब्लक तथा कृषि पकेट क्षेत्र निर्धारण गरी कृषि जन्य वस्तुको निर्यात व्यापारलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

७. गाउँपालिकाको माथिलो भुभागलाई, किवी,स्याउँ आदिको पकेट क्षेत्र, बिचको भूभागमा सुन्तला, कागती, अलैची र ओखर तथा तल्लो भुभागलाई आँप,लिची तथा अन्य सम्भाव्य फलफूल पकेट क्षेत्र र अन्य सम्भावित भूभागलाई तरकारी पकेट क्षेत्रको रुपमा विकास गर्न नेपाल सरकार,प्रदेश सरकार तथा अन्य विकास साझेदार निकाय संग सहकार्य गर्ने नीति लिइनेछ । यसको लागि तत्काल सम्भाव्यता अध्ययन गरी लागु गरिनेछ ।

८. पशु नस्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ । पशु आहारका लागि घाँस खेतीको कार्यक्रम संचालन गरिनेछ ।

९. पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था गरिनेछ । उत्पादित पशुपंछी जन्य उत्पादनको उचित बजारीकरणको प्रबन्ध मिलाइनेछ । कृषक तथा पशु स्वास्थ्य सेवा प्राविधिकहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१०. गाउँपालिका भित्रका पशुपंक्षी फर्म, मासु पसल, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिनेछ ।

११. कृषि क्षेत्रलाई पर्यटन आकर्षणको क्षेत्रको रुपमा विकास गर्ने गरि कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१२. एक वडा एक कृषि तथा पशु प्राबिधिक कार्यक्रमलाई बढावा दिईनेछ ।

१३. कृषि जैविक विविधता संरक्षणका लागि लोपोन्मुख रैथाने जातहरुको विस्तार तथा संरक्षण का लागि विशेष प्रोत्साहन गरिनेछ ।

१४. कृषि उत्पादन बृद्धिका लागि साना सिचाई आयोजनाहरुलाई निर्माण र मर्मतमा विशेष जोड दिइनेछ । यसका लागि साझेदार निकाय तथा संघ संस्थाहरु संग सहकार्य गरिनेछ ।

१५. अर्गानिक तरकारी वाली र फलफूल उत्पादन कार्यक्रमलाई विशेष जोड दिइनेछ ।

१६. निर्वाहमुखी कृषिलाई व्यवसायमुखी तर्फ बढाईनेछ ।

१७. कृषि तथा पशु जन्य उद्यम विकासका माध्यमबाट स्थानिय स्रोत परिचालन गरि स्थानिय स्तरमै बजारको माग सम्वोधन हुने गरी कार्यक्रम बनाई आयात व्यापारलाई निरुत्साहित गर्न आवश्यक पहल गरिनेछ ।

१८. बाहिरबाट आयातित हरियो तरकारीहरु आयातमा रोक लगाई स्थानिय उत्पादनको मूल्य समायोजन, मूल्य सूची निर्धारण तथा बजारिकरण बृद्धि गरिनेछ साथै संकलन केन्द्रको स्थापना गरी निर्यातमा बृद्धि गरिनेछ ।

१९. उत्पादित कृषि तथा पशु वस्तुहरुको बजारीकरणका लागि थप व्यवस्थापनको लागि कृषि हाट बजारको व्यवस्थापन जरिनेछ ।

२०. कृषि तथा पशुपंक्षी उद्योग, फार्म तथा समूह दर्ता प्रक्रियालाई सरल तथा सहज बनाई लागु गरिनेछ र सामुहिक उत्पादनमा विशेष प्रोत्साहन र अनुदानको व्यवस्था मिलाइनेछ ।

२१. यस गाउँपालिकाका सम्पूर्ण घरधुरीमा अनिवार्य करेसाबारी निर्माणको नीति लिइनेछ । यसका लागि कृषि शाखा, वहु क्षेत्रिय पोषण आयोजना र विकास साझेदार निकायहरुलाई परिचालन गरिनेछ ।

२२. मागमा आधारित कृषि तथा पशु जन्य उत्पादन कार्यक्रम तथा कृषक प्रोत्साहन कार्यक्रम लागु गरिनेछ ।

२३. रैथाने जातका कृषि तथा पशुपंक्षी को संरक्षण, प्रवर्धन तथा विकास गरिनेछ ।

२४. मागमा आधारित कृषि तथा पशुजन्य उद्यम स्थापनाका लागि अनुदान दिने व्यवस्था मिलाइनेछ ।

२५. कृषि तथा पशु पंक्षी क्षेत्रमा लाग्ने महामारी नियन्त्रणको विशेष प्रतिकार्य कार्यक्रम वनाई लागु गरिनेछ । पशुंपक्षीमा लाग्ने महामारी रोग विरुद्ध खोप सेवा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२६. बाह्य परजीवि नियन्त्रणका लागि एक वडा एक डीपीङ्ग ट्याङ्क निर्माण गर्न पहल गरिनेछ ।

२७. पशु पंक्षी बन्ध्याकरण सेवा विस्तारका लागि एल.आर.पी. परिचालन,प्रविधि हस्तान्तरण तथा एल.आर.पी.प्रोत्साहन नीति लिइनेछ ।

२८. कृषि तथा अन्नबालिहरुमा आत्मनिर्भर बन्नको लागी अध्यक्ष संग कृषि कार्यक्रम लागु गरिनेछ ।

२९. जैविक मल संरक्षणका लागि आवश्यक कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ र गोठ खोर सुधार तथा भकारो सुधार कार्यक्रममा विशेष अनुदानको नीति लिइनेछ ।

३०. एकिकृत कृषि तथा पशुपालन निति बनाई सोही अनुसारका क्रियाकलाप संञ्चालन गरिनेछ ।

**ख) <u>सामाजिक क्षेत्र</u>**

## १ शिक्षा .

१. गाउँपालिका स्तरिय शिक्षा ऐन, नियमावली तथा आवश्यक कार्यविधी तयार गरी सोही वमोजिम शैक्षिक सुधारका कार्यक्रमहरु अगाडि बढाइनेछ ।

२. गाउँपालिकामा रहेका वालविकास केन्द्रहरु र सामुदायिक बिधालयहरुको निर्माण ब्यबस्थापनलाई प्राथमिकतामा राखिनेछ ।

३ बालमैत्री गाउँपालिका निर्माणको कार्यलाई पुर्णता दिई सचालनमा ल्याइनेछ ।

४ विद्यालयमा लागुपदार्थ दुर्वेशनि विरुद्ध अभियान, वालकलव क्षमता विकास कार्यक्रम, शिशु स्याहार सम्वन्धि अभिमुखिकरण तथा विद्यालय भर्ना अभियानलाई सघन रुपमा अगाडि बढाइने छ ।

५ पिछडिएको वर्गबाट सर्वोत्कृष्ट अंक ल्याई उत्तिर्ण हुने छात्रछात्रालाई . उच्च शिक्षा अन्तर्गत स्वास्थ्य, कृषि, विज्ञान, इन्जिनियरिङ्ग विषयमा अध्ययनका लागि छात्रबृति उपलब्ध गराउने नीतिलाई निरन्तरता लिइनेछ ।

६.सामुदायिक बिधालयहरुमा शिक्षक बिधार्थि अनुपात नमिलेको ठाउँमा दरबन्दी मिलान गर्ने कार्यक्रमलाई अगाडी बढाईनेछ । अति न्युन बिधार्थि रहेका नजिकका बिधालयहरुलाई मर्ज गरी शिक्षक तथा बिधालयहरुका दरबन्दी समेत मिलान गरीनेछ ।

७ निजि क्षेत्रद्धारा सचालित सबै शिक्षण सस्थाहरुलाई करको दायरामा ल्याईनेछ । न्यूनतम पारिश्रमिक नदिई अध्यापन गराउदै आएको पाईएमा वा विभिन्न बाहानामा शुल्क असुल गरेको पाईएमा छानवीन गरी कारवाही समेत गरिनेछ ।

८ सामुदायिक सिकाई केन्द्रको विकासलाई प्रत्येक वडा सम्म निरन्तरता दिई स्तरोन्नती तथा लगानीमैत्री वातावरण सिर्जना गरि व्यवस्थित गरिने छ ।

९ सामुदायिक विद्यालयको गुणस्तरलाई सुधार गर्न विद्यालय सुधार कार्यक्रम लागु गरी कार्यान्वयन गर्न सघिय सरकार तथा प्रदेश सरकार संग पहल गरिनेछ ।

१० शिक्षा क्षेत्रको गुणस्तर सुधारका लागि शैक्षिक तथ्याङ्क व्यवस्थापन, विद्यालय शैक्षिक व्यवस्थापन सुचना प्रणालीको व्यवस्थापन तथा शिक्षा क्षेत्रमा नवीनतम् प्रविधिको विकास गर्ने नीति अवलम्वन गरिनेछ भने सामुदायिक विद्यालयहरुलाई नव प्रवर्तनशील र प्रविधिमैत्री बनाइने छ ।

११ गाउँपालिका भित्रका माध्यमिक विध्यालयहरुलाई नमूना विध्यालय बनाउनको लागि पूर्वाधार तयार गर्ने कार्यक्रम ल्याईने छ भने एक वडा एक नमुना विध्यालय कार्यक्रमलाई अगाडि बढाईने छ ।

१२ विध्यार्थिले परीक्षामा प्राप्त गरेको परिणामको आधारमा शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गरिने छ ।

१३ सबै तह र प्रकारका शिक्षण संस्थामा काम गर्ने शिक्षक . प्रधानाध्यापक, कर्मचारी र पदाधिकारीको पेशागत आचार संहिता तयार गरी अनुगमन, र नियमनको व्यवस्थापन गरिनेछ ।

१४ स्थानीय आवश्यकताको आधारमा स्थानीय पाठ्यक्रम पाठ्यपुस्तक र पाठ्यसामाग्री निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

१५ खेलकुद तथा अतिरिक्त क्रियाकलाप सचालन तथा व्यवस्थापन गरिनेछ ।

१६  वालप्रतिभाको पहिचान सिर्जनशिल रचनात्मक र अन्वेषणमुखी कार्यको लागि विध्यार्थिको प्रतिभा र रचनात्मक कार्यको अन्तर विध्यालय शैक्षिक प्रदर्शनी आयोजना अवलोकन र प्रोत्साहन गर्न पहल गरिने छ ।

१७ विध्यालय छाड्ने र कक्षा दोहोर्याउने दरमा न्यूनीकरणका लागि पहल गरिने छ ।

१८ स्थानीय बाजागाजा, कथा, कविता, गित, छैठी ,देउडा ,चाडपर्व र रीति रिवाज संरक्षण सम्बर्द्धन र स्थानीय पाठ्यक्रममा समायोजन गर्न विशेष जोड दिइनेछ ।

१९ विध्यार्थि संख्या र विषयगत रूपमा दरवन्दि अपुग विध्यालयमा स्थायी दरवन्दीको माग र आयोग बाट पदपुर्ति गर्ने व्यवस्थाका लागि पहल गरिने छ ।

२० ट्युसन, कोचिंग जस्ता विध्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमनको व्यवस्थापन गरिनेछ ।

२१ विध्यालयमा बालमैत्री र डिस्पोजल सहितको शौचालय, स्वच्छ खानेपानी, विध्यालय स्वास्थ्य र सरसफाई, वृक्षारोपण, विध्यालयको आफ्नै खेल मैदान, बुक कर्नर र शैक्षीक सामाग्रि, उपयुक्त कक्षा कोठा र फर्निचर, विज्ञान प्रयोगशाला, पुस्तकालय र ल्यावलाई व्यवस्थित गर्नु पर्ने जस्ता न्युनतम मापदण्ड र प्रावधानलाई कार्यान्वयनमा ल्याइने छ ।

२२ भुकम्परित, प्राकृतिक विपद, जोखिम र जस्तापाता मुक्त विध्यालय भवन तथा संरचना निर्माणको नीति लिइनेछ ।

२३ गाउँपालिका स्तरीय सामुदायिक तथा संस्थागत विध्यालयहरूको शैक्षिक गतिविधिहरूमा एकरूपता ल्याउन वार्षिक शैक्षिक क्याल्यन्डर र विध्यालय सुधार योजना निर्माण गरि लागु गरिनेछ ।

२४ गाउँपालिकाबाट विभिन्न शीर्षकमा जाने निकासा र अनुदानको सदुपयोग भए नभएको, विद्यालय पठनपाठनमा प्र अ शिक्षक, कर्मचारीबाट हुने अनुपस्थिति,अनियमितता हिनामिना तथा शैक्षिक क्षेत्रमा गरिने विविध खालका लापरवाहीलाई कडाइका साथ निगरानी गरी कार्वाहीको प्रक्रिया अघि बढाइने छ ।

२५ विभिन्न नमुना शैक्षिक क्षेत्रको अवलोकन भ्रमण गरी शैक्षिक अनुभवहरूलाई साटासाट गर्ने र लागु गर्ने कार्यक्रमलाई अवलम्वन गरिनेछ ।

२६ शिक्षा समिति र प्रअ बैठकलाई नियमित गरी आवश्यकता र नियमानुसार बालविकास, विव्यस र विषयगत शिक्षकहरुको समेत बैठक र अभिमुखिकरण कार्य संचालन गरिने छ ।

२७ स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक सिप विकासका अवसर सिर्जना गर्न सामुदायिक विध्यालयमा प्राविधिक तथा व्यवसायिक धारका कार्यक्रमहरू संचालन गरिने छ र क्रमश छुट्टै प्राविधिक तथा व्यवसायिक शिक्षालय स्थापन गर्न पहल गरिने छ ।

२८ आधारभुत तह , माध्यामिक तह र कक्षा १२ को परिक्षामा उत्कृष्ट छात्रछात्रा लाई नगद पुरस्कार मार्फत प्रोत्साहन गरिने छ ।

२९. सार्बजनिक पुस्तकालयको स्थापनाको लागी आबाश्यक पहल गरिनेछ।

३०. विविध युवा प्रतिभाहरूको खोजी प्रोत्साहन र युवा लक्षित कार्यक्रम निर्माणका साथै शारीरिक संगठन र स्वस्थ नागरिक विकासको लागि युवा र खेलकुदको क्षेत्रमा बजेटको व्यवस्था गरी खेलकुद लगायतका विविध गतिविधिहरूको आयोजना गरिने छ।

३१ विध्यालय क्षेत्र भित्र पलास्टिकजन्य र आयातित जङ्गफुडलाई निषेधित गरिनेछ ।

३२ विध्यालयमा हुन सक्ने सवैखाले विवेद र हिंसाजन्य गतिविधिको अन्त्य गरिने छ।

३३ शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सरोकारवाला निकायहरु बिच समन्वय तथा शिक्षक विध्यार्थि र अभिभावक बीच अन्तरक्रिया र अभिभावक शिक्षालाई जोड दिइनेछ।

३४ उच्च शिक्षामा पालिका बासीको पहुच बढाउन उच्च शिक्षा प्रदायक शैक्षिक सस्था क्याम्पसको स्थापना गर्ने कार्यक्रममा जोड दिइनेछ ।

३५ पालिका भित्रका सामुदायिक विध्यालयहरुमा घेरबार रङ्गरोगन र सरसफाइलाई जोड दिइने छ ।

३६. आइ सि टि नभएका बिधालयहरुलाई एक कम्प्युटर एक बिधालय अनिबार्य बनाउनको लागी बिधालयसंग साझेदारी गरी कम्प्युटर कक्षा संचालन गर्ने निति लिएनेछ।

**३. औद्योगीक नीति:**

यस गाउँपालिकामा परम्परागत कुटीर उद्योग बाहेक कुनै पनि उद्योग धन्दा संचालनमा नरहेको र उद्योग क्षेत्रमा न्यून लगानी रहेकाले प्राप्त श्रोत साधनको समुचित प्रयोग गरी राष्ट्रिय औद्योगीक नीतिलाई टेवा पुग्ने गरी देहायका नीतिहरु अवलम्बन गरिएको छ।

१. साना तथा घरेलु उद्योगहरुलाई विकास एवम् विस्तार गर्न विभिन्न किसिमका व्यावसायिक सिपमूलक तालिमहरुको संचालनमा निरन्तरता दिइनेछ। यसका लागि गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा थप लगानी गरिनेछ।

- ❖ औद्योगिक क्षेत्रमा लगानीमैत्री वातावरण निर्माण गर्न तथा लघु, घरेलु तथा साना उद्योग प्रवर्धन गरी रोजगारीको वातावरण सिर्जना गर्न गरिवी निवारणका लागि लघु उद्यमविकास कार्यक्रम संन्चालन निर्देशिका निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- ❖ गाउँपालिकामा सिप विकास तर्फ दक्ष प्रशिक्षकको रोस्टर तयार गरि प्रशिक्षक प्रशिक्षण तालिम संन्चालन गरिनेछ ।

२. मझौला तथा ठुला उद्योगहरुको स्थापना गर्न नेपाल सरकारको औद्योगीक नीति अनुरुप विभिन्न कार्य अघि बढाइनेछ । साना तथा मझौला उद्योग ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी लगानीकर्तालाई प्रोत्साहन गरिनेछ ।

३. खानीजन्य उद्योग (निलम, फलाम, तामा) को पहिचान र उत्खनन्का लागि सम्भाव्यता अध्ययन गर्ने नीति अवलम्बन गरिने छ । यस कार्यका लागि प्रदेश सरकार, नेपाल सरकार तथा सम्वद्ध निकाय संग सहयोगका लागि अनुरोध गरिनेछ ।

४.यहाँका खोलानाला बाट उत्पादन हुन सक्ने विद्युत उत्पादनमा लगानी कर्ता सँग मिलेर सहज बातावरण निर्माण गरिने छ ।

५. लघुउद्यम विकास तालिम मार्फत उद्यमीहरु सिर्जना गरी उधमशीलतामा आकर्षित गर्ने नीति लिइनेछ ।

६. गाउँपालिका स्तरीय औद्योगिक नीति बनाई उद्योग वाणिज्य क्षेत्रमा निजी सार्वजिनक लगानीमा आकर्षण तथा संरक्षणको व्यवस्था मिलाईने छ ।

७. यस गाउँपालिकामा संभावना रहेका खानीजन्य उत्पादनको संभाव्यता अध्ययन तथा निकासी एवम् प्रशोधन व्यवस्थाका लागि संघिय सरकार तथा प्रदेस सरकार संग सहकार्य गरिनेछ ।

८.लघु,घरेलु तथा नवीनतम् प्रकृतिका उद्यम स्थापनाका लागि अनुदान व्यवस्थालाई निरन्तरता दिइनेछ ।

## ४. संस्कृति तथा पर्यटन प्रवर्द्धन

पर्यटकीय क्षेत्रहरुको पहिचान गरी पर्यटकीय पूर्वाधारहरुको निर्माण का लागि देहायका निति लगिएको छ ।

- ➢ ठाटीकाँध पर्यटन बिकास बोर्ड गठन गरी परिचालन गर्न आवाश्यक पहल गरिनेछ ।
- ➢ ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वका सम्पदाहरुको पहिचान , संरक्षण र सम्वर्द्धन गर्ने नीति लिइनेछ ।
- ➢ मदानताल,बुकीमालिका,विजारे,छडदेउती,धौलापडा,भिमपाईला,नाखेगुफा,तोलिपाटा पर्यटन सर्किट निमार्णको पहल गरिनेछ ।
- ➢ ताल तलैयाको सँरक्षण र सम्बर्धन गरि पर्यटकलाई आकर्षण गराउने निति लिईनेछ ।
- ➢ कृषि क्षेत्रमा नवीनतम विकासका माध्यमबाट पर्यटकीय आकर्षण बढ्ने गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- ➢ गायँपालिकाको पर्यटन प्रबर्द्धनका लागी कला, संस्कृति र पर्यटकिय स्थलको पहिचान तथा गाउँपालिकाको पहिचान सहितको स्वडेशगान तथा भिडियो डकुमेन्ट्रि तयार गरिनेछ ।

- यस गाउँपालिकाको वडा नम्बर २ को जौचौर, वडा नम्बर ३ को खुडखुडी  र वडा नम्बर ४ को धनकोटलाई होमस्टेको रुपमा संञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

**५. वन तथा वातावरण तथा बिपत ब्यबस्थापन सम्बन्धी नीति**

१. प्राकृतिक सम्पदाको संरक्षण गर्दै सार्वजनिक जग्गाहरुमा वन विस्तार गरी सम्पूर्ण क्षेत्राधिकार भित्रका सामुदायिक वनहरुको स्वामित्व ग्रहण गरिनेछ ।

२. ठाटिकाँध गाउँपालिका भित्र आईपर्ने बिपत ब्यबस्थापनको लागी बजेटको ब्यबस्थापन गरीनेछ र बिपत ब्यबस्थापन कोषमा बजेट बृद्धिको लागि गाउँपालिका बाट संचालित योजनाको कन्टनजेन्सि रकमको १ प्रतिशत रकम बिपत ब्यबस्थापन कोषमा जम्मा गर्ने निति अबलम्बन गरिनेछ ।

३. तालतलैया, पार्क हरियालीलाई विशेष जोड दिइनेछ ।

४. धार्मिक तथा पुरातात्विक स्थानहरुको खोज, पहिचान, संरक्षण तथा प्रचार प्रसारको पहल गरिनेछ ।

५. बजारका मूख्य सडक लगायतका थप सडकको स्तर उन्नती गर्दै, सडक किनारामा अनिवार्य वृक्षारोपणका कार्यलाई ग्राहयता  दिइ हरित सडक निर्माणको लागि पहल गरिनेछ ।

६. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न सरोकारवालाहरुको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

७. सामुदायिक वन उपभोक्ता समितिहरुलाई विभिन्न जनचेतना जगाउने जस्ता कार्यक्रमहरुमा संलग्न गराइनेछ ।

८. योजना छनोट तथा संचालन गर्दा  वातावरण मैत्री बनाउने नीति प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९. एक व्यक्ति एक विरुवा, एक जनप्रतिनिधी ५ विरुवा र १ कर्मचारी ५ बिरुवा  भन्ने नीतिलाई वार्षिक कार्यक्रम सञ्चालनका रुपमा ल्याइनेछ ।

१०. घर लगायतका पूर्वाधार निमार्णमा १ घर २ विरुवा नीतिलाई अवलम्वन गरिनेछ । नक्सा पास प्रक्रियामा समेत त्यसलाई अनिवार्य बनाइनेछ ।

११. प्राकृतिक मुल संरक्षण तथा नदीनालाको संरक्षणमा विशेष ध्यान दिइनेछ ।

१२. राष्ट्रिय र सामुदायिक वन दुबैलाई एकिकृत वन विकासको माध्यमबाट हराभरा र उपयोगी बनाउन पहल गरिने छ ।

१३. जलचर तथा जलिय जैविक विविधताको संरक्षण र सर्म्वधन गर्न आवश्यक कार्यक्रम वनाई सरोकारवाला निकायको साझेदारितामा कार्यान्वयन गर्न पहल  गरिनेछ ।

१४. विकास साझेदार निकायहरुको लगानी साझेदारीतामा एक वडा एक वन नर्सरी निर्माण गर्ने नीति लिइनेछ । रैथाने विरुवाहरुको संरक्षरणमा विषेश जोड दिइनेछ ।

१५. जनसंख्या वृद्धिका कारण बढ्दो वनजंगल फडानीलाई रोक्न तथा उर्जाको  मागलाई व्यवस्थापन गर्न गोवर ग्यास उत्पादनका लागि पहल गरिनेछ ।

१६. यस गाउँपालिकाका सबै वडाहरुमा वन सँरक्षण तथा सुदढीकरण गरिनेछ ।

१७. विभिन्न सरकारी तथा सामुदायिक वनबाट निकासी भइरहेको वन जन्य वस्तुहरुको आयको रोयल्टी कार्यबिधि अनुसार अनिवार्य गाउँपालिकाको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।

१८. यस क्षेत्रमा पाईने प्राकृतिक खनिज, वनजन्य जडीबुटीको उत्खनन्, प्रशोधन तथा निकासीको लागि आवश्यक नीतिगत सुधार तथा व्यवस्थापन गर्न पहल गरिनेछ ।

१९. जडीबुटी तथा वनजन्य खेती तथा उत्पादन उद्योग संचालनका लागि विशेष प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

२०. साविकमा संचालित वन संरक्षण, सुदृढिकरण तथा दिगो विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२१. सार्वजनिक तथा सामुदायिक वनमा सामुहिक वनजन्य खेतीका लागि आवश्यक पहल गरिनेछ ।

२२. वनजन्य निकासीलाई व्यवस्थित गरिनेछ ।

२३. सबै वडाहरुमा वन सँरक्षण तथा सम्बर्धन गर्न प्रत्येक आ.ब मा बन सँरक्षण तथा सुदृढीकरणको लागि वजेट सुनिश्चित गरि कार्यक्रम ल्याईनेछ । उक्त कार्यक्रम सँचालन गर्न श्रोत व्यक्ति र हरेक महिनाको ७ दिन काममा लगाउने गरी वृक्षारोपण तथा सँरक्षण र नर्सरीमा काम गर्ने ज्यामीको व्यवस्था गरिनेछ ।

२४. घासजन्य विरुवाको वृक्षारोपणको लागि पशुपालन कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

**६.स्वास्थ्य सेवा शाखा :**

आ.ब. २०८०/०८१ मा यस ठाटीकाँध गाउँपालिकालाई विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

१) गाउँपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।

२) गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरी जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै सरुवा रोगहरुको प्रकोप घटाउदै हाल क्रमश बढ्दो क्रममा रहेको नसर्ने

रोगहरुको शिघ्र पहिचान, उपचारलाई र प्रेषण सेवालाई आधारभूत स्वास्थ्य सेवा केन्द्र स्तर देखिनै व्यवस्थापन गरिनेछ ।

३) गाउँपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन गाउँपालिका केन्द्रमा संचालनमा रहेको लकान्द्र प्राथमिक स्वास्थ्य केन्द्रको स्तरउन्न्ती भई १५ सैयाको प्राथमिक अस्पताल संचालन गर्नको लागी भौतिक पुर्वाधार निर्माणको कार्य संचालनमा रहेको र भौतिक पुर्वाधारहरुको निर्माण कार्य सम्पन्न भईसकेपछी १५ सैयाको प्राथमिक अस्पतालबाट नियमित स्वास्थ्य सेवा प्रवाहका लागि दरवन्दी स्थापना गरी आवश्यक जनशक्ति व्यवस्थापन गर्न पहल गरिनेछ ।

४) आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायीक स्वास्थ्य ईकाइ, स्वास्थ्य चौकी र प्राथमिक अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाहका लागि न्यूनतम सेवा मापदण्ड अनुसारको अत्यावश्यक सामाग्रीहरु (मेडिकल/सर्जिकल) को अनुगमन गरी मुल्याङ्कनका आधारमा प्रर्याप्त बजेटको व्यवस्था गरी सुरक्षित खानेपानी, समावेशि शौचालय, कर्मचारी आवास सहितको प्रविधीमैत्री स्वास्थ्य संस्था बनाईनेछ । भुगोलका आधारमा वडा नं. ३ माझखर्कमा निर्माण गरिएको सामुदायीक स्वास्थ्य इकाई मार्फत गत आ.ब. देखि नै जनशक्ति व्यवस्थापन गरी सेवा संचलनमा ल्याईएको छ र थप अनुगमन गरी आवश्यक स्वास्थ्य सामाग्रीहरु र अन्य आवश्यक व्यवस्थापन सुनिश्चित भए पश्चातः २४ सै घण्टा प्रसुति सेवा संचालन गरिनेछ ।

५) मातृ मृत्यु, नवजात शिशु मृत्यु र बालमृत्यु दर घटाउन सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप सेवा, परिवार नियोजन सेवा, किशोरकिशोरी प्रजनन् स्वास्थ्य सेवा लगायत प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइनेछ ।

६) गाउँपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै हाल यस ठाटीकाँध गाउँपालिकामा सेवा प्रदान गर्ने गरी संचालनमा रहेको आयुर्वेद सेवालाई थप प्रर्वद्धन गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।

७) "स्वास्थ्य अनुसन्धान" लाई गुणस्तरीय बनाई अनुसन्धान बाट प्राप्त परिणामलाई ठाटीकाँध गाउँपालिकाको नीति, रणनीति र योजना विकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।

८) गाउँपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तैः ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोरकिशोरी, सिमान्तकृत, विभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ । साथै स्वास्थ्य सेवा लाई सर्वशुलभ बनाउन स्वास्थ्य बिमा कार्यक्रम लागु भएको लकान्द्र प्राथमिक स्वास्थ्य सेवा केन्द्रको हातामा फार्मेसि संचालनका लागि औषधी खरिद व्यवस्थापन तथा आवश्यक जनशक्ति करारमा व्यवस्था गरी सेवा संचालन गरिनेछ र सो कार्य संचालनको लागि फार्मेसि संचालन निर्देशिका तयार गरी सोही अनुरुप कार्यन्वयन गरिनेछ ।

९) सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य गर्नुका साथै हरेक चौमासिकमा कम्तिमा एक पटक पालिका बाट संयूक्त अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

१०) सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण, निवारण तथा आकस्मिक र आपतकालिन अवस्था, महामारी नियन्त्रण तथा व्यवस्थापन कार्यलाई स्थानीय तह, प्रदेश र संघिय सरकारसँगको समन्वयमा कार्यान्वयन गरिनेछ ।

११) जनस्वास्थ्य क्षेत्रमा ठाटीकाँध गाउँपालिकाको लगानी अभिबृद्धि गर्दै संघीय सरकार, प्रदेश सरकार तथा निजी लगायत अन्य लगानी लाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।

१२) स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र जनताको स्वास्थ्य सूचनाको हक सुरक्षित गर्दै स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।

१३) गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टिक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य बाली उत्पादन, प्रयोग र पहुँचलाई वृद्धि गर्न सम्बन्धीत सरोकारवालसंग समन्वय गरिनेछ ।

१४) गाउँपालिका भित्र जन्म, मृत्यु, बसाइ सराई जस्ता व्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित गरि गाउँपालिकाको जनसंख्या व्यवस्थापनका कार्यहरुमा उपयोग गरिनेछ ।

१५) गाउँपालिकालाई पुर्ण खोपयूक्त गाउँपालिका घोषणा गराउन तोकिएका लक्षित वर्गले समयमानै पुर्ण खोप पाएको सुनिश्चितता गराई दिगोपना कायम राख्न वडास्तरमा नियमित प्रभावकारी खोप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६) स्वास्थ्य क्षेत्रमा महिला सामुदायीक स्वास्थ्य स्वयम् सेविकाहरुको योगदानलाई उच्च मुल्याङ्कन गर्दै महिला सामुदायीक स्वास्थ्य स्वयम् सेविका वीउ पुँजीकोषको लेखाजोखा गराई प्रतिवेदन तयार गरिनेछ र वडा तहका म.स्वा.स्वयमसेविकाहरुको छुट्टाछुट्टै कोष स्थापना तथा प्रभावकारी परिचालन गरिनेछ । साथै विभिन्न प्रोत्साहनका कार्यक्रमहरु ल्याईनेछ ।

१७) भविष्यमा आईपर्न सक्ने विविध दैवि प्रकोप नियन्त्रणका लागी व्यवस्था गरिनेछ ।

१८) नियमित खोप सेवा (राष्ट्रिय खोप तालिका अनुसार), खोप अभियानहरु, राष्ट्रिय भिटामिन ए कार्यक्रम्, एच.आई.भि. एड्स, कारोना रोग (काभिड १९), मानसिक रोग, अल्जाइमर्स, तथा लागुपदार्थ दुर्व्यसनि नियन्त्रणका लागि सम्बन्धीत साझेदार निकायहरुसंग आवश्यक समन्वय गरी कार्यक्रम् संचालन गरिनेछ । साथै जिल्ला बाट खोपको नियमित ढुवानी भईरहेको परिप्रेक्षमा खोपको खेर जाने दर बढि भएको हुँदा खोपको उचित व्यवस्थापन गरी पूर्णखोप सुनिश्चतता गर्न र खोप खेर जाने दरलाई कम गर्न पालिका तहमा कोल्डचेन व्यवस्थापनका लागि मापदण्ड अनुसारको कोल्ड स्टोर, कोल्ड चेन सामाग्रीहरुको व्यवस्थापन गरी संचालनमा ल्याईनेछ ।

१९) यस पालिकामा हाल संचालनमा रहेका गाँउघर क्लिनीकहरुको अनुगमन गरी भौतिक संरचना नभएका मापदण्ड अनुसारका संरचना निर्माण गरी स्वास्थ्य सेवाको पहुँच बढाउने कार्यलाई निरन्तरता दिईनेछ ।

२०) ग्रामिण क्षेत्रका महिलाहरुका लागी विशेष मातृशिशु स्याहार कार्यक्रम् सञ्चालन गरिनेछ ।

२१) स्वास्थ्य सेवामा सबैको पँहुच पुचाउन विपन्न सबै बस्तीहरुमा एम्बुलेन्स सेवा पुग्ने गरी पुर्वाधार निर्माण गरिनेछ ।

२२) विभिन्न ठाउँहरुमा घुम्ति सेवा समेत सञ्चालन गरिनेछ । हाल सञ्चालनमा रहेका खोप केन्द्रहरुलाई समयानुकुल स्तरउन्नती गरी व्यवस्थीत बनाईनेछ र भौगोलीक विकटता र जनसंख्याको आधारमा खोप केन्द्र हेरफेर गरिनेछ ।

२३) किशोर किशोरीहरुलाई प्रजनन् स्वास्थ्य शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिनेछ र सुचिकृत भएको लकान्द्र प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा किशोर किशोरीमैत्री स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक थप व्यवस्थापन गरिनेछ । साथै अन्य वडामा संचालनमा रहेका स्वास्थ्य संस्थाहरुमा समेत थप व्यवस्थापन गरी स्वास्थ्य सेवा लाई किशोर किशोरीमैत्री बनाउदै लगीनेछ ।

२४) स्वास्थ्य क्षेत्रमा सहयोगको लागी छुट्टै कोषको स्थापना गरी संचालनमा ल्याईनेछ ।

२५) PNC घरभेट कार्यक्रम र MPDSR कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा समय समयमा अनुगमन र मूल्याकन गरिनेछ ।

२६) स्वास्थ्य संस्थाहरुमा कार्यरत् स्वास्थ्यकर्मिहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रम ल्याईनेछ र बिभिन्न निकायहरु संग साझेदारी गरी आवश्यकताको आधारमा क्षमता अभिवृद्धिका लागि पहल गरिनेछ ।

२७) स्वास्थ्य क्षेत्रका सूचनाहरुको व्यवस्थापनका लागि HMIS / LMIS कार्यलाई थप व्यवस्थापन र संचालनका लागी आवश्यक परिमार्जीत HMIS/LMIS Tools सम्बन्धी तालिम प्रदान गरिएको छ । भरपर्दो ईन्टरनेट सेवा संचालनमा ल्यईएको छ । कम्पूटर/डेक्सटप सेट र प्रिन्टर समेत खरिद गरी वितरण गरिएको छ र आ.ब. २०८०/०८१ को श्रावण देखी नै स्वास्थ्य संस्था तह बाट स्वास्थ्य सूचनाहरु स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था मिलाईएको छ । कार्यालय संचालनका लागि आवश्यक बजेट व्यवस्था गरी स्वास्थ्य सेवा र सुचनालाई गुणस्तरिय तथा प्रविधीमैत्रि बनाईनेछ ।

२८) आमा तथा नवजात शिशु स्वास्थ्यका लागि प्रत्येक स्वास्थ्य संस्थाहरुमा स्पष्ट कार्यबिधि बनाई आकस्मिक प्रसुति कोष स्थापना गरी संचालनमा ल्याईनेछ ।

२९) पालिका लगाएत अन्तरर्गतका कार्यालयहरुमा महिला कर्मचारी तथा सेवाग्राहिहरुको सहजताका लागि स्तनपान कक्षको व्यवस्थापन गरिनेछ ।

३०) शारिरिक अपाङ्गता भएका व्यक्तिहरुको मूलप्रवाहिकरणका लागि समुदायस्तरमा पहिचान गरी आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न लकान्द्र प्राथमिक स्वास्थ्य केन्द्रमा अपाङ्गता कक्ष स्थापना

गरी पुर्नस्थापनाका लागि आवश्यक सामाग्रीहरु व्यवस्थापन गर्ने र आवश्यक थप सेवाको लागि बनेपा स्थीत बाल तथा अपाङ्ग अस्पतालसंग समन्वय गरी प्रेषण व्ययस्थापन गर्न कार्यक्रम संचालन गरिनेछ ।

३१) ठाटीकाँध अस्पताल स्थापना पश्चात्त रेडक्रस सँगको साझेदारीमा रगत संकलन केन्द्र स्थापना गरिनेछ ।

३२) देउलेसिम, धनकोट र ज्यामिचौरमा बर्थिङ्ग सेन्टर स्थापनाका लागि आवाश्यक पहल गरिनेछ ।

## ७. खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन

नेपालको संविधानमा समेत खानेपानीलाई जनताको मौलिक हकको रुपमा स्थापित गरिसकेको छ । प्रचुर सम्भावनाका वावजुत पनि यस गाउँपालिकामा अधिकांश जनता शुद्ध खानेपानीको पहुँचबाट वन्चित रहेका छन् तसर्थ जनताको घरदैलोमा खानेपानीको पहुँच पुरयाई जनसेवा गर्ने अभियानलाई सफलता दिन निम्न नीति हरु अवलम्बन गरिएको छ ।

- पानीका मूल मुहान र श्रोतलाई संरक्षण गर्ने नीति लिइनेछ ।
- खानेपानि उपभोक्ता समितिहरुलाई तालिमको व्यबस्था मिलाईनेछ ।
- स्वच्छ पिउने पानी व्यवस्थापनको लागि मुहान देखी मुख सम्म सरसफाई कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ ।
- विभिन्न सामाजिक संस्थाहरु सँग सहकार्य गरी विभिन आयोजनाहरु संचालनमा ल्याइनेछ ।
- ठाटीकाँध खानेपानी आयोजना , बिशाला खानेपानि आयोजना र प्याडुली खानेपानी आयोजनालाई उपभोग्य मुलक आयोजना बनाई उपयोगको आधारमा शुल्क निर्धाण गर्ने नीति लिइनेछ ।
- पुराना आयोजनाहरुको मर्मत सम्भार कार्यलाई विशेष जोड दिइनेछ ।
- साविकमा संचालित पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ । पूर्ण सरसफाई कार्यक्रम कार्यान्वयनका लागि एक जना अधिकृत छैठौं वा सहायक स्तर पाँचौ तहको कार्यक्रम संयोजक र फोहोर संकलन तथा व्यवस्थापन गर्ने बढीमा ६ जना ज्यामीको व्यवस्थापनलाई निरन्तरता दिईनेछ र आवश्यकताका आधारमा स्वयम्सेवकरुपमा सहजकर्ता परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- खानेपानीको समस्यालाई समाधान गर्न लिफ्ट प्रविधिबाट खानेपानी योजना संचालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- सरसफाईमा वानी व्यवहार परिवर्तनका लागि साझेदार निकायको समन्वयमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।
- वातावरण प्रदुषण गर्ने ठुला उद्योगहरुलाई प्रदुषण करको दायरामा ल्याई कुटिर उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकाले गर्दै आएको सरसफाई काम सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप संचालन गर्ने नीति लिइनेछ ।
- पूर्ण सरसफाई (पोष्ट ओ.डि.एफ.) कार्यक्रम संचालनमा ल्याइनेछ ।
- फोहोरमैला व्यवस्थापन, दिसाजन्य लेदो पदार्थ व्यवस्थापन, पशुजन्य फोहोरमैला व्यावस्थापन, ल्याण्ड फिल्ड साईड निर्माण जस्ता कार्यलाई, संघ संस्था, व्यक्ति वा कार्यालय समेतको साझेदारीमा अगाडि बढाइनेछ।
- घरधुरी तहमा फोहोर वर्गीकरण तथा कम्पोष्ट मल बनाउने तालिमलाई निरन्तरता दिइनेछ ।

- संस्थाजन्य फोहोर जस्ता हानीकारक फोहोरहरुको व्यवस्थापनमा स्थानीय निजी साझेदारहरुसँग सहकार्य गरिनेछ ।
- कार्यालय परिसरलाई पूर्ण प्लाष्टिक मुक्त क्षेत्र घोषणा गरी शहरी वातावरणलाई स्वच्छ राख्न २० माइक्रोन भन्दा तलका प्लाष्टिक झोला निषेध गर्ने र अन्य प्लाष्टिक झोलाहरु लाई निरुत्साहित गरिनेछ ।
- वातावरण तथा फोहोरमैला व्यवस्थापन लाई एकीकृत रुपमा विकास गर्ने नीति लिइनेछ ।
- ठाटीकाँध गाउँपालिकामा सार्वजनिक शौचालयहरु निर्माण र व्यवस्थापन गरिनेछ ।
- प्लाष्टिक रहित गाउँपालिका निर्माण गर्न विशेष कार्यक्रम ल्याइनेछ ।
- ठोस तथा पुन प्रयोग गर्न सकिने फोहोर सम्वन्धी उद्योगको विकासका लागि आवश्यक पहल गरिने छ ।
- बजार क्षेत्रको फोहोर व्यवस्थापन गर्न सरसफाई कर लगाइनेछ ।
- ठाटीकाँध गाउँपालिकामा खानेपानीको सहज पँहुच कायम गर्नका लागि विभिन्न साझेदार संघ संस्थाहरु संग सहकार्य गरिनेछ ।

## ८. खेलकुद तथा मनोरन्जन

यस गाउँपालिका भित्र खेलकुद क्षेत्रको विकास गर्न आवश्यक रहेकाले **"हाम्रो अनुदान स्वस्थ जीवनको सान"** भन्ने उक्तिलाई चरितार्थ गर्दै समग्र खेलकुद क्षेत्रको विकास गर्न आवश्यक भएकाले नेपाल सरकारको राष्ट्रिय खेलकुद विकास नीतिलाई टेवा पुगोस भन्ने उद्देश्यले निम्न नीतिहरु अवलम्वन गरिएको छ ।

- स्वस्थ शारीरिक विकासका लागि खेलकुदलाई एउटा सवल माध्यम वनाई निरन्तर विकासमा जोड दिइनेछ ।
- खेलकुदलाई सरल, सहज,र स्तरीय बनाउनलाई गाउँपालिका स्तरिय खेलकुद बिकास समिति गठन गरिनेछ ।
- विभिन्न किसिमका खेलकुद सँग सम्बन्धित कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- अध्यक्षकप खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ ।
- यसै बर्ष जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड संचालन गर्नुपर्ने भएकोले फिल्ड निर्माणको लागी बजेटको ब्यबस्थापन गर्न पहल गरिनेछ ।
- सबै तहका विद्यालयहरुमा खेलकुद विकासलाई विशेष जोड दिइ खेलकुदका कार्यक्रमहरु संचालनमा ल्याउनुका साथै खेलकुदका सामाग्रीहरु उपलब्ध गराइनेछ ।
- यस गाउँपालिकाबाट राष्ट्रिय प्रतिभाहरु उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन र खेलाडीलाई प्रोत्साहान गर्न विशेष सुविधाहरु उपलब्ध गराइनेछ ।
- पालिका स्तरीय खेलमैदान निर्माण लाई विशेष जोड दिइनेछ ।
- खेलकुद सँग सम्बन्धित क्लब तथा सस्थाहरुलाई सुदृढ गरिनेछ ।
- स्थानीय यूवा तथा बालक्लवहरु मार्फत खेलकुद सम्बन्धि क्रियाकलाप संचालन गर्ने नीति ल्याइनेछ ।

## ९.लैगिंक समानता तथा सामाजिक समावेसीकरण

१. सामाजिक परिचालक मार्फत समुह तथा समिति गठन र समुदाय परिचालनलाई निरन्तरता दिइनेछ ।

२. टोल विकास संस्था, नागरिक सचेतना केन्द्र लगायत समुदायमा आधारित अन्य संस्थाहरुको क्षमता विकासका कार्यक्रमलाई जोड दिइनेछ ।

३. सामाजिक परिचालनद्वारा ग्रामिण गरिवी न्यूनीकरणका लागि जनसहभागितामा आधारित आयआर्जन सम्बन्धि कार्यक्रम संचालनमा ल्याइनेछ ।

४. आदिवासी, जनजाती, दलित, महिला, पिछडा वर्ग लगायतका विपन्न वर्गलाई योजना छनौट देखि प्रतिफल वितरण सम्मका चरणहरुमा न्याय संगत तरिकाबाट सहभागी गराइनेछ ।

५. अपाङ्गता भएका व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिस लगायतका सेवामा सुविधाहरु नि.शुल्क उपलब्ध गराउने साथै दृष्टिबिहिन र मोबाईल चलाउन नसक्नेका लागी सिपमुलक तालिमको ब्यबस्था मिलाउने नीति लिईनेछ ।

६. महिला सशक्तिकरणका कार्यक्रममा विशेष जोड दिइने छ ।

७.महिला विकास संञ्जाल मार्फत लैंगिक उत्तरदायी तथा मेलमिलाप सम्बन्धी तालिमका कार्यक्रमहरु संञ्चालन गर्ने निति लिईनेछ ।

८. समाजमा पिछडिएका, विपन्न महिलाहरुको आय आर्जनमा सुधार ल्याई जिवनस्तर सुधार गर्न विभिन्न आयमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

९. गाम्रिण क्षेत्रमा विपन्न महिलाहरुको जीवनस्तर सुधार गर्न विशेष सहयोग कार्यक्रम संचालन गरिनेछ ।

१०.घरेलु हिंसा विरुद्धको ऐन र राष्ट्रिय कार्ययोजना २०६६ अनुसार लैंगिक हिंसाविरुद्ध ग्रामिण स्तरिय कार्यक्रमहरुमा सहकार्य गरिनेछ ।

११.गाउँपालिकाको कार्यक्रम तथा विनियोजन गर्दा लैगिंक समानतालाई प्राथमिकतामा राखिनेछ ।

१२. गाउँपालिका क्षेत्रमा हुने घरेलु हिंसा तथा लैंगिक हिंसालाई निरुत्साहित गर्न जोड दिइनेछ ।

१३. एकल महिलाहरुको सीप, दक्षता र संस्थागत क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।

१४. गरिवी विरुद्ध महिला अभियान सुरु गरिनेछ ।

१५. लक्षित महिलाहरुका लागि आयमुलक तथा सीपमुलक तालिम संचालन गरिनेछ र उद्यमशीलता विकासका लागि छुट्टै कोषको निर्माण गरिनेछ ।

१६. अन्तराष्ट्रिय नारी दिवस तथा तीज जस्ता महिलाहरुका विशेष कार्यक्रमलाई बजेटको व्यवस्था गरिनेछ ।

१७. जेष्ठ नागरिक सम्बन्धी लक्षित कार्यक्रमहरु ल्याईने छ ।

१८. गाउँपालिका भित्र बसोबास गरीरहेका जेष्ठ नागरीकहरुको एक आपसमा भेटघाट र खुसि साटासाट गर्नको लागी एक वडा एक प्रतिक्षालय बनाउन उपाध्यक्ष संग जेष्ठ नागरीक कार्यक्रम लागु गरीनेछ ।

१९. नागरिकको जिउ, ज्यान र सम्पतिको संरक्षण गर्न तथा शान्ति सुव्यवस्था कायम गर्न गाउँ प्रहरी गठन गर्न आवाश्यक पहन गरिनेछ ।

# १०. बहुक्षेत्रीय पोषण योजना

गाउँपालिकाले बहुक्षेत्रीय पोषण योजनाकार्यान्वयनको लागि निम्न नीति अबलम्बन गर्ने छ ।

- यस ठाटीकाँध गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नलाई यस आ.ब.का लागि यस ठाटीकाँध गाउपालिकाले समपुरक कोष )Matching fond को व्यवस्था गरिनेछ ।
- महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस ठाटीकाँध गाउपालिकाले उच्च प्राथमिकतामा राख्ने छ ।
- बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलाहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासनमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिनेछ ।
- समाजमा बिद्यमान कुरुती जस्तैः छाउपडी, बाल बिबाह र छुवाछुत जस्ता संस्कार र बिकृती अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गरीने छ ।
- पोषणको लागी पौष्टिक गुण भएको सितलचिनि MORINGA नामको बिरुवालाई एक घर एक बिरुवा बितरण गर्ने निति लिईनेछ ।

**११. पूर्वाधार विकास :**

१. गाउँपालिका, प्रदेश र केन्द्र सरकारको अन्तरसम्वन्धमा आधारित र अधिकतम लागत सहभागितामा संचालित आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

२. यस ठाटीकाँध गाउँपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहितालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको न्युनतम मापदण्ड लाई आधार मानेर व्यवस्थित वस्ति विकासको लागि परिमार्जन गरी लागु गरिनेछ ।

३. विकास निर्माणका कार्यहरुमा गुणस्तर कायम गर्न अनुगमन र निरिक्षण प्रणालिलाई प्रभावकारी बनाइनेछ ।

४. गाउँपालिकाको व्यवस्थित ढल निकासको लागि शहरी विकास तथा भवन निर्माण विभागको सहकार्यमा तयार हुने ढल निकास गुरुयोजना अनुरुप कार्यक्रम बनाई कार्यान्वयन गर्ने नीति लिइने छ ।

५. पुराना भवनमा तला थप गर्ने योजनाका लागि प्राविधिक जोखिमको लेखाजोखा गरी इजाजत प्रक्रिया अघि बढाइनेछ ।

६. भौतिक पूर्वाधार निर्माणको गुणस्तर परीक्षण गर्नका लागि जिल्ला प्राविधिक कार्यालय सँग सहकार्य गरी गाउँक्षेत्र भित्र हुने भौतिक पूर्वाधारहरुको गुणस्तरमा विषेश जोड दिइनेछ ।

७. गाउँपालिकामा निर्माण हुने भवनको नक्सापास अनिबार्य हुनुपर्नेछ ।

८. सडक मापदण्ड लागु गरिनेछ ।

९. विकासमा सामाजिक संस्थाहरु सँग मिलेर सहकार्य गरिनेछ ।

१०. पानीको मुल संरक्षण गर्दै पानिका मुलका नजिक पोखरी निर्माण गरी पानी संकलन गर्दै सिचाई र खानेपानी सुविधा मिलाइने छ ।

११. वायो इन्जिनियरिङ्गलाई सबै योजनामा लागु गर्न पहल गरिनेछ ।

१२. ठेक्का पट्टाबाट निर्माण गरिने निर्माण समाग्रीको खरिद प्रक्रियालई इ.विडिङ्ग प्राणालीमा लगिनेछ ।

१३. पूर्वाधार निर्माणमा गुणस्तर कायम गरिनेछ ।

१७. नक्सा पास प्रक्रियालाई व्यवस्थित गर्न तत्काल जनशक्ति तथा शाखा स्थापना गरिनेछ ।

१८. योजनाहरुको प्राथामिकिकरणका आधारमा आयोजना बैकं स्थापना गरिनेछ ।

१९. ठाटीकाँध गाउँपालिकाको प्रशासनिक भवन निर्माणको प्रक्रिया संञ्चालन गरिनुका साथै वडा कार्यालयका प्रशासनिक भवन निर्माण समेतका प्रक्रिया संञ्चालन गरिनेछन साथै वडा नं २ को वडा कार्यलय यसै बर्ष निर्माण कार्य संचालन हुनेछ ।

२०. गाउँपालिकाका सडकहरुको स्तरवृद्धिलाई पहिलो प्राथमिकता दिईनेछ ।

२१. विधालयहरुको भवन निर्माण तथा मर्मतगरी सुविधा सम्पन्न गराइनेछ ।

२२. पूर्वाधार निर्माणमा वालमैत्री अपाङ्ग मैत्री प्रविधिको समेत अवलम्बन गरिनेछ.

**<u>१२. उर्जा तथा लघु जलबिद्युत:-</u>**

देश विकासको मुल आधारको रुपमाा रहेको विद्युत उर्जालाई यस गाउँपालिकामा विस्तार गर्न अति आवश्यक रहेकाले विद्युत सहकारीको माध्यमबाट यस क्षेत्रको उर्जा विकास गर्न आवश्यक देखिएको छ

। उर्जाको विकास विस्तार तथा उपभोगलाई सँगसँगै अघि बढाउनको लागि निम्न नीतिहरु अवलम्वन गरिएको छ ।.

- **सबै वडाहरुमा ग्रामिण विधूतीकरण शुरु गरी १ वर्षभित्र केन्द्रीय प्रसारण लाईन जोडिनेछ ।**
- लघु जलविद्युत् आयोजना निर्माणका लागि आव
- श्यक पहल गर्ने नीति लिइनेछ ।
- भूतगाड खोला, रामगाड खोला जलविधुत आयोजनाको लागि विस्तृत अध्ययन गरी आयोजना संचालन गर्ने कम्पनिलाई सहज वातावरण निर्माण गरिनेछ ।
- संचालनमा भएका वा जिर्ण भएका पेल्टिक सेटलाई मर्मत गरिनेछ । वैकल्पिक उर्जा स्रोतको पहिचान गरी उर्जा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- विद्युत लाइनको विस्तारका लागि सम्वन्धित निकायसँग समन्वय गर्न आवश्यक पहल गरिनुका साथै विद्युत लाइन विस्तारमा लगानी समेत गरिनेछ ।
- सरकारी, निजी साझेदारी क्षेत्रलाई उर्जा प्रवर्द्धनका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**१३. संचार**

भरपर्दो संचारको माध्यम नभएको यस गाउँपालिकामा संचार माध्यमलाई व्यवस्थित गराउन देहायका नीतिहरु अवलम्बन गरिनेछ ।

- यस गाउँपालिकाका नागरिकलाई सूचनामा सहज रुपमा पहुँच पु¥याउन एफ.एम स्थापनाका लागि सम्भाब्यता अध्ययन गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्र landline विस्तारका लागि नेपाल दुरसञ्चार प्राधिकरणसँग सहकार्य र समन्वन्य गरिनेछ ।
- GSM सेवा सहज संचालनका लागि यसै वर्ष टावरको क्षमता वृद्धि तथा टावरहरुको सुरक्षा गर्न पहल गरीनेछ ।
- विद्यालयहरुमा वाइफाइ सेवा संचालन गरी शिक्षा क्षेत्रमा सुधार ल्याइनेछ ।
- स्थानीय स्तरमा छापा तथा अनलाइन पत्रिका संचालनका लागि पहल गरिनेछ ।
- ठाटिकाँध गाउँपालिकाको बिकट गाउँ बस्तिमा गई सुचना ,समाचार सम्प्रेषण गरी गाउँपालिका लाई सुसुचित तथा लुकेर रहेका कला संस्कृति पर्यटन कृषि जस्ता आर्थिक संम्बृद्धिका आधारहरुलाई संचार माध्यामद्धारा प्रस्तुत गर्ने संचार माध्यामलाई सम्मान गर्ने ब्यबस्था गरीनेछ ।
- विद्युतीय संचार प्रविधिलाई नीति अनुरुप नियमन/व्यवस्थापन गरिनेछ ।
- सूचना सम्प्रेसणको लागि डिजिटल डिस्पेले बोर्ड जडान गरिने छ ।
- Digital गाउँपालिका को अवधारण ल्याइनेछ ।

**१४. आर्थिक प्रशासन, राजश्व तथा कर प्रणाली**

१. आन्तरिक आय वृद्धि गर्न राजश्व प्रणालीलाई व्यवस्थित गरिनेछ ।
२. करको दायरा फराकीलो बनाई करका दरहरुमा सामान्य हेरफेर गरिनेछ ।
३. आ.व. २०७७०७८ देखि लागु गरिएको एकिकृत सम्पति कर लाई थप प्रभावकारी बनाईनेछ ।

४. गाउँपालिकाका सबै प्रकारका व्यावसायीहरुलाई कर शिक्षा सम्बन्धि कार्यक्रम संञ्चालनलाई विशेष प्राथामिकत्ता दिईनेछ ।

५. सवै प्रकृतिका व्यावसायीहरुलाई गाउँपालिकामा अनिवार्य दर्ता प्रणाली आ.व. २०७७।०७८ बाट लागु गरिएकोमा यस प्रणालीलाई थप प्रभावकारी बनाउन गाउँपालिकाका सबै वडामा घुम्ति शिविर तथा प्रचार प्रसारका कार्यक्रम संञ्चालन गरिनेछ ।

६. आ.व. २०७७।०७८ वाट संचालनमा ल्याइएको गाउँपालिकाको अनलाइन राजश्व प्रणालीलाई सुदृढीकरण गरिनेछ ।

७. गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका गिट्टी, बालुवा तथा खानीहरुको पहिचान गरि वातावरणीय प्रभाव मूल्याकंनका आधारमा कराधारका क्षेत्रहरुलाई बिस्तार गरिनेछ ।

८. मालपोत दस्तुर संकलनमा वृद्धि गर्न निश्चित समयभित्र मालपोत बुझाउने करदातालाई निश्चित प्रतिशत कर छुट सहित टोल टोलमा शिविर संचालन गरिनेछ ।

९. यस गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरुलाई प्रचलित कानुन बमोजिम करको दायरामा ल्याईनेछ ।

१०. लक्ष्य अनुसारको राजश्व संकलन गर्ने कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

११. नदिजन्य बस्तुको निकासी कर व्यवस्थित गरिनेछ ।

**१५.न्यायिक समिति सम्बन्धि ब्यबस्था :**

१. न्यायिक समितिलाई निश्पक्ष, पारदर्शि र सेवामुखि बनाउन आबाश्यक बजेट बिनियोजन गरीनेछ ।

२. न्याय सम्पादन गर्दा सहज ढंगले न्याय सम्पादन गर्न आबाश्यक पर्ने न्याय समितिको कार्यबिधि बनाई यसै आर्थिक बर्षदेखि लागु गरीनेछ ।

**१६.सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाको नीति तथा कार्यक्रमहरु**

१. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताबाट बञ्चित भएका आम नागरिकलाई यसमा समावेश गर्न घुम्ती सेवा सञ्चालन गरिनेछ।

२. भौगोलिक रुपमा टाढा रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई भत्ता उपलब्धतामा सहज पहुँचका लागि बैङ्कसँग समन्वयन गरी घुम्ति सेवा मार्फत यो बर्ष वडा नं ३ मा सामाजिक सुरक्षा भत्ता बितरण गर्ने काम भएको छ, भौगोलिक रुपमा टाढा भएका वडाहरुमा घुम्ती सेवा मार्फत सामाजिक सुरक्षा भत्ता वितरण लाई निरन्तरता दिईनेछ ३.सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी यसको नीतिगत तथा संस्थागत रुपमा भएको व्यवस्थाको सम्बन्धमा आम नागरिकहरुलाई सचेतना जगाईनेछ।

४.आ.व २०८०/८१ मा यस पालिकाका आम नागरिकहरुलाई सत प्रतिशत व्यक्तिगत घटनादर्तामा सहभागि गराईनेछ।

५.सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य आम नागरिकलाई यसको दायरा भित्र समेटिनेछ।

**१७. <u>सुशासन र पारदर्शिता</u>**

१. गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सुशासन व्यवस्थापन प्रणालीलाइ/समितिलाइ अझ बढि प्रभावकारी बनाइने छ।
२. पहिला आउनेलाई पहिला सेवा दिने नीतिलाई पुर्णतया लागु गरी मुस्कान सहितको सेवा प्रदान गरिनेछ।
३. गाउँपालिकाको मासिक आम्दानी तथा खर्च सार्वजनिक सुचना पार्टी तथा छापा संचार माध्यमबाट प्रसारण गरिने नीति लिइनेछ।
४. सार्वजनिक परिक्षण, सामाजिक परिक्षण एवंम सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
५. सेवा प्रवाह सम्बन्धि गुनासो व्यवस्थापन गर्दै Public opinion लिने परिपाटिलाइ अझ बढी व्यवस्थित गरिनेछ।
६. सुचनाको प्रकृति हेरी तत्काल सुचना उपलब्ध गराइने परिपाटिलाई विकास गरिनेछ।
७.प्रत्येक योजनामा सार्वजनिक सूचना पार्टीको व्यवस्था गरिने र आयोजना संचालनमा अनुगमन समितिको क्रियाशिलता बढाइने छ।
८. शतप्रतिशत आयोजनाहरुको सामाजिक परिक्षण गरिने नीति लिइनेछ।
९. गाउँपालिकाको समग्र मूल्याङ्कन गर्ने पद्धतिको रुपमा बिकसित भइरहेको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनलाई आत्मसाथ गरी गाउँपालिकाको समग्र काम कारवाहिलाई प्रभावकारी बनाइने छ।
१०. विभिन्न कर तथा दस्तुरहरुलाई कम्प्युरटरबाट नै विलिङ्ग गर्ने नीति लिई कम्प्युटर अभिलेख प्रणालीलाई निरन्तरता दिईनेछ।
११. गाउँपालिकाको सेवालाई सेवामुखि र प्रभावकारी बनाउनका लागि टोकन प्रणाली मार्फत सेवा दिने प्रक्रियालाई अवलम्वन गरिनेछ।
१२. गाउँपालिकाको सम्पूर्ण गतिविधिहरुलाई सि.सि. क्यामरा, अडियो र डिजिटल डिसप्ले मार्फत सार्वजनिक गर्ने परिपाटिको विकास गरिनेछ।
१३. सुचना सम्प्रेषण गर्ने प्रक्रियालाई द्रुत बनाउनका लागि Group sms प्रणालीको विकास गरी लागु गर्ने नीति लिइनेछ।
१४. कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि कार्यक्रम ल्याईने छ।
१५. कर्मचारीहरुलाई कार्यसम्पादनका आधारमा सम्मान गरिनेछ यस्तो सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**१८. <u>संगठन तथा जनशक्ति विकासः</u>**

१. आगामि आ.व. मा यस गाउँपालिकाको संगठन विकास योजना तयार गरी साविक संगठन विकास योजनाको पुन मूल्याङ्कन गरी सो वमोजिमका शाखा तथा जनशक्तिको व्यवस्थापन गरिनेछ ।
२. कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको व्यवस्थापन सार्वजनिक खरिद ऐन तथा करार सेवा निर्देशिकाको आधारमा गरिनेछ ।
३. उपलब्ध जनशक्तिको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीलाई कार्यसम्पादन आधारमा पुरस्कृत गर्ने परिपाटिको व्यवस्था गरिनेछ ।
४. न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याङ्कनलाई समेत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइनेछ ।
५. ऐन, नियमको परिधिभित्र रहि कार्य सम्पादन मूल्यांकनको आधारमा कार्यरत कर्मचारीको बढुवा, स्तरवृद्धि, प्रोत्साहन पुरस्कृत प्रदान गर्ने जस्ता कार्यलाई निरन्तरता दिइनेछ ।
६. मौजुदा जनशक्तिलाई समयानुकुल सक्षम वनाउन आन्तरिक एवं बाह्य सहयोगका आधारमा तालिम दिने नीतिलाई प्राथमिकता दिइनेछ ।
७. हालको संगठन र संरचनामा O&M गरी आवश्यक दरवन्दि सृजना गरिने छ ।
८. गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई आवाश्यकत्ता अनुसार हेरफेर गर्न सकिने नितिलाई निरन्तरता दिईनेछ ।
९. आन्तरिक नियन्त्रण प्रणाली लागु गरि सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गरिनेछ ।

**१९. सुरक्षा नीति :**

१. प्रहरी चौकी ठाटीकाँधको स्तर वृद्धि गरी इलाका प्रहरी चौकीमा रुपान्तरण गर्न सम्वद्ध निकायसंग सहकार्य गरिनेछ ।
२. गाउँपालिका क्षेत्र भित्र सुरक्षालाई व्यवस्थित गराउन पहल गरिनेछ ।
३. संघीय सरकार (केन्द्रिय सरकार) प्रदेश सरकार गठन पश्चात तिनै तहको समन्वयमा वन्ने नीति अनुरुप गाउँ प्रहरी संगठन लाई विस्तार गर्ने नीति लिइनेछ ।

**२०. विविधः :**

१. यस गाउँपालिका क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको बर्गिकरणको कार्यबिधि बनाई, संरक्षण र उपभोग गर्ने नीतिलाई निरन्तरता दिदै खुलेका नयाँ तथा पुराना सडकहरुको व्यवस्थित अभिलेख तयारी गरी नक्साङ्कन गरिनेछ ।
२. धार्मिक, ऐतिहासिक, साँस्कृतिक महत्वका धरोहरहरुको मर्मत, संरक्षण र विकासमा जोड दिने नीतिलाई निरन्तरता दिइनेछ ।
३. दातृ निकायहरुलाई ठाटीकाधँ गाउँपालिकाको विकास निर्माणमा सहभागिताको लागि अनुरोध गर्दै स्वस्थ लगानि वातावरण सृजना गरिने छ ।
४. ठाटीकाँध गाउँपालिका भित्र संचालित आयोजनाहरुलाई निरन्तरता दिन, साझेदार सँस्थाहरु सँग अनुरोध गरिनेछ ।
५. गाउँपालिका क्षेत्र भित्र रहेको गाउँपालिका स्तरिय समिति तथा अन्य संगठित संस्थाहरुलाई क्रियाशिल बनाइनेछ ।
६. उचित स्थानको जग्गामा व्यवस्थित बसपार्क निर्माण गर्न आवश्यक प्रक्रिया अगाडी बढाइ अतिक्रमणमा रहेका सार्वजनिक जग्गालाई संरक्षण समेत गरिनेछ ।
७. यस क्षेत्र भित्र काम गर्न चाहने विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुलाई सकभर काममा दोहोरोपन नआउने गरी स्वीकृत दिइनेछ ।
८. जेष्ठ नागरिकलाई मध्यनजर गरी व्यवस्थित दिवा सेवा संचालन गरिनेछ ।

९. गैर सरकारी संस्था हरुलाई जनहितमा जारी हुने जस्ता कार्यक्रमहरु संचालन गर्न अनुमति दिई सहकार्य समेत गरिनेछ ।

१०.गाउँसभा सकिएपछि पनि अनुमति लिन आउने सामाजिक संस्थाहरुलाई गाउँपालिका प्रमुख बाट औचित्य हेरी अनुमति दिन सक्ने गरी व्यवस्था मिलाइनेछ ।

११. नदी किनारा, बाढी पहिरोको जोखिममा रहेका वस्तीहरु स्थानान्तरण गर्ने नीति लिइनेछ ।

१२. गाउँपालिकाको कामलाई व्यवस्थित गर्न आवश्यक परामर्श सेवा खरिद गर्ने नीति लिइनेछ ।

१३. छिटो प्रतिफल दिने खालका आयोजना तथा आर्थिक विकासको क्षेत्रमा सहयोग गर्ने खालका आयोजनाको विकासमा वढवा दिइनेछ ।

१४. गाउँपालिका द्धारा निर्माण गरिने खानेपानी तथा सिचाई योजनामा अनिवार्य मर्मत सम्भार कोषको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

१५. प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत संचालन गरिने क्रियाकलापहरु संचालन गर्दा कृषि जन्य उत्पादन तथा दिगो आयमुलक क्षेत्रमा विशेष लगानी गर्ने नीति अवलम्वन गरिनेछ ।

१६. विपद् व्यवस्थापन तथा आपतकालिन उद्धारका लागि एक वडा एक सुविधा सम्पन्न सामुदायिक भवन र एक वडा एक खुल्ला मैदान निर्माण गर्ने नीति अवलम्वन गरिने छ । सोको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम तथा विभिन्न साझेदार निकाय संगको समन्वयको माध्यमबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१७. गाउँपालिका लगायत सवै शैक्षिक संस्था तथा स्वास्थ्य संस्थाहरुमा विभिन्न साझेदार निकायको साझेदारीमा विपद् प्रतिकार्य योजना निर्माण गरिनेछ ।

१८.सार्वजनिक यातायातलाई व्यवस्थित गर्न यातायातका साधनहरुलाई सार्वजनिक यातायात प्रक्रियामा आवद्ध गराई निश्चित भाडा दर कायम गरि संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१९. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागद्धारा संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई व्यवस्थित गरिनेछ ।

२०. संघीय सरकार, प्रदेश सरकार लगायत विभिन्न निकायबाट हस्तान्तरित आयोजना तथा कार्यक्रम संचालन तथा व्यवस्थापन गरिनेछ ।

२१. टोल बिकास समिति मार्फत विकास निर्माणका कार्यहरु संञ्चालन गरिनेछ ।

२२. ठाटीकाँध गाउँपालिकाको आफनै लोगो निर्माण गरि कार्यान्वयन गरिनेछ ।

२३. ठाटीकाँध गाउँपालिकाको सेवा प्रवाहलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन प्रत्येक वडामा १/१ जना सामाजिक परिचालन नियुक्ति गर्न आवाश्यक कार्यविधि बनाई लागु गर्ने निति लिईनेछ ।

**धन्यबाद ।**

**रक्ष बहादुर शाह**
**अध्यक्ष**
**ठाटीकाँध गाउँपालिका लकान्द्र, दैलेख**